५८ औ बैठक

आज मिति २०७६ साल भाद्र महिनाको ३१ गते मंगलबारका दिन विहान ११:०० बजे यस शुक्लागण्डकी नगरपालिका, नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री किसान गुरुङ्ग ज्यूको अध्यक्षतामा बसी तपशिल बमोजिमका प्रस्तावहरु माथि तपशिल बमोजिमका निर्णयहरु गरियो ।

उपस्थिती :

श्री किसान गुरुङ्ग , नगर प्रमुख , अध्यक्ष (नगर कार्यपालिका)

श्री सबिता रसाईली , उप प्रमुख , सदस्य (नगर कार्यपालिका)

श्री रबि चन्द्र पौडेल , सदस्य (नगर कार्यपालिका)

श्री जगत बहादुर गुरुङ्ग , सदस्य (नगर कार्यपालिका)

श्री राम कुमार श्रेष्ठ, सदस्य (नगर कार्यपालिका)

श्री शिव कुमार श्रेष्ठ , सदस्य (नगर कार्यपालिका)

श्री दिर्घ बहादुर थापा , सदस्य (नगर कार्यपालिका)

श्री कृष्ण बहादुर पौडेल , सदस्य (नगर कार्यपालिका)

श्री राम बहादुर क्षेत्री थापा , सदस्य (नगर कार्यपालिका)

श्री कृष्ण प्रसाद रेग्मी , सदस्य (नगर कार्यपालिका)

श्री लोक नारायण श्रेष्ठ , सदस्य (नगर कार्यपालिका)

श्री रामचन्द्र भण्डारी , सदस्य (नगर कार्यपालिका)

श्री दल बहादुर थापा , सदस्य (नगर कार्यपालिका)

श्री मनराज गुरुङ्ग , सदस्य (नगर कार्यपालिका)

श्री दानु अधिकारी सापकोटा , सदस्य (नगर कार्यपालिका)

श्री गिता महत , सदस्य (नगर कार्यपालिका)

श्री विष्णुमाया ढकाल लम्साल , सदस्य (नगर कार्यपालिका)

श्री रिता कुमारी भुजेल थापा , सदस्य (नगर कार्यपालिका)

श्री सानुमाया महत , सदस्य (नगर कार्यपालिका)

Scanned by CamScanner

श्री कुल बहादुर भुजेल , सदस्य (नगर कार्यपालिका)

श्री खिम बहादुर कुमाल , सदस्य (नगर कार्यपालिका)

श्री भरत लामगादे , सदस्य (नगर कार्यपालिका)

श्री देव बहादुर अधिकारी , प्रमुख प्रशासकिय अधिकृत एवम् सचिव (नगर कार्यपालिका)

अन्य उपस्थिती :

श्री नवराज चापागाई , शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख

श्री लक्ष्मण लम्साल , प्रशासन शाखा प्रमुख

Scanned by CamScanner

निर्णय नं. १ :

हिन्दुहरुको महान पर्व वडादशै, दिपावली तथा छठ पर्वलाई समेत दृष्टिगत गरी वजार अनुगमन गर्न शुक्लगण्डकी नगरपालिकावाट गरिने वजार अनुगमन निर्देशिका, २०७४ वमोजिम मिति २०७६ आश्विन ६ गतेवाट वजार अनुगमन गर्न प्रशासन शाखा प्रमुखको संयोजकत्वमा वजार अनुगमन टोली गठन गर्ने र उक्त टोलीमा नगरपालिकाका स्वास्थ्य, कृषि, पशु र घरेलु शाखाका साथै जिल्ला प्रशासन कार्यालयको प्रतिनिधि, खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालयका प्रतिनिधि र सम्वन्धित वडा कार्यालयका जन प्रतिनिधि तथा पत्राकारहरुको रोहबर वजार अनुगमन गर्ने ।

निर्णय नं. २ :

शुक्लगण्डकी नगरपालिका वडा नं. ९ मा रहेको प्रसिद्ध ढोरवाराही मन्दिरमा चढाईने वलीको टाउको तथा फोटो खिच्नका लागि विगत आ. व. देखि नै ठेक्का वन्देवस्त हुने गरेकोले चालु आ.व.को लागि रु २५ लाख न्यूनतम रकम प्रस्ताव गरिएकोले सोही रकमलाई आधार मानेर यस कार्यालयवाट मिति २०७६।४।२ र २०७६।५।४ मा २ पटक वोलपत्र सुचना आव्हान गरिएकोमा कुनै वोलपत्र नपरेकोले गत आ.व.मा उक्त कार्य गर्दै आएका हर्कवहादुर महतसंग यस नगरपालिकामा छलफल गर्दा दिनानु दिन वली चढाईने कार्य घटी रहेको हुदा गत आ.ब ०७५/०७६ मा कवोल गरेको रु २०,०५,५००। रकमलाई न्युनतम अंक कायम गरेमा उक्त कार्यको संझौता गर्न ईच्छुक भै निवेदन पेश गरेकोले गत आ.व.को दर रेट मा कुनै परिवर्तन नगरिएको हुदां निजको निवेदन वमोजिम ठेक्का सम्झौता गर्ने र निजले वहाली पुजा भएको मिति २०७६।४।२८ देखि ठेक्का संझौता भएको मितिसम्म वली चढेको दिनको प्रतिदिन रु २०००।– को दरले हुन आउने रकम समेत दाखिला गर्न लगाउने ।

निर्णय नं. ३ :

ढोरवाराही क्षेत्र संरक्षण समिति गठन आदेश,२०७६ लाई आवश्यक परिमार्जनसहित पारित गर्ने ।

निर्णय नं ४ :

शु.न.पा वडा नं. ७ स्थित धारापानी शौचालय गत आ.व २०७५/७६ मा मासिक रु २००० नगरपालिकालाई शुल्क तिर्ने संझौता गरी संचालन गर्दै आएकोमा हाल उक्त शोचाललयको वरपर होटेलहरु खोलिएकोले शौचालय प्रयोग गर्ने यात्रुहरुको कमी भएकोले सम्झौता वमोजिमको रकममा शौचालयको भाडा तिर्न नसक्ने व्यहोराको निवेदन पेश गरेको हुदां निजको माग वमोजिम रु १०००। मासिक भाडा शुल्क कायम गर्ने गरी संझौता गर्ने ।

निर्णय नं ५ :

नगरपालिकाको आ.व.०७५/७६ को समीक्षा बैठक तथा विजयादशमी एवम शुभ दिपावलीको पावन अवसरमा शुभकामना आदानप्रदान कार्यक्रम मिति २०७६ आश्विन १२ गते विहान ११ बजे आयोजना गर्ने र उक्त कार्यक्रममा प्रमुख अतिथि माननीय प्रतिनिधि सभा सदस्य केदार सिग्देल, विशिष्ट अतिथि माननीय प्रदेश सभा सदस्य आशा कोईराला, अतिथि नगरपालिकाका राजनैतिक दलका प्रमुख, उद्योग वाणिज्य संघका

प्रमुख

Scanned by CamScanner

प्रदेश उपाध्यक्ष तथा स्थानीय इकाई प्रमुख, नागरिक समाजका अध्यक्ष र सचिव, नगर कार्यपालिका र नगरसभा सदस्य, नगरस्तरिय संजाल (महिला,दलित, जनजाति अपाङ्ग) का प्रमुख र पत्रकारहरुलाई आमन्त्रण गर्ने ।

निर्णय नं. ६ :

नेपाल सरकारको सशर्त रकममा सञ्चालन हुदै आएका शहरी स्वास्थ्य क्लिनिकका लागि चालु आ.व.२०७६/७७ मा वजेट विनियोजन भै नआएको र नगरपालिकाको आन्तरिक श्रोतवाट सञ्चालनमा रहेका ५ वटा शहरी स्वास्थ्य क्लिनिकलाई धान्न नसकिन अवस्था रहेकोले उक्त क्लिनिकहरुमा कार्यरत कर्मचारीहरुलाई चालु आ.व. को असोज महिना देखि वन्द गर्ने र श्रावण र भाद्र महिनामा काम गरेका कर्मचारीलाई सम्बन्धित वडाले प्रमाणित गरि दिएको हाजिरीका आधारमा गत आ.व.मा खाइपाई आएको तलव सुविधा आन्तरिक आयबाट भुक्तानी गरी विदाई गर्ने ।

निर्णय नं. ७ :

नगरपालिकाभित्रका ६ वटा आधारभुत स्वास्थ्य केन्द्रमा कार्यरत कर्मचारीहरुको करार म्याद २०७६/७७ का लागि थप गर्ने । आधारभुत स्वास्थ्य केन्द सञ्चालनको लागि नेपाल सरकारवाट विनियोजित रकमले कार्यरत कर्मचारीलाई पारिश्रमिक उपलव्ध गराउन वजेट कम आएकोले अपुग आएकोले गत आ.व. २०७५/७६ मा उपलव्ध गराईएको पारिश्रमिक, सेवा सुविधा मात्र दिने र सो को लागि नपूग हुने रकम नगरपालिकाबाट स्वास्थ्यको लागि विनियोजन गरेको स्वास्थ्य सम्वन्धी कार्यक्रमवाट र अन्य अपुग रकम नगरपालिकाको आन्तरिक आयबाट वेहोर्ने गरी करार संझौता गर्ने ।

निर्णय नं. ८ :

उद्योग,पर्यटन,वन तथा वातावरण मन्त्रालयको च.न. २६४ मिति २०७६/०५/२२ को पत्रानुसार यस नगरपालिकाको कुनै एक पर्यटन गन्तव्य छनौट गर्न अनुरोध भएबमोजिम शुक्लागण्डकी वडा नं. २,८,९,१०,१२ मा पर्ने च्यवनधाम–रकगार्डेन–ढोरबाराही–ढोरदरबार–मिलिनियम गुफा पदमार्गलाई छनौट गरी सम्वन्धित निकायमा जानकारी दिने ।

निर्णय नं. ९

गण्डकी प्रदेशको भौतीक पुर्वाधार विकास मन्त्रालयवाट यस नगरपालिकाका काठेपोल प्रतिस्थापनको लागि प्राप्त भएका ५५० स्टील पोलहरु वितरणका लागि वडा नं. १,२,३,६,७,८,९,१०,११ र १२ का वडाध्यक्षहरुले ग्रामीण सामुदायिक विद्युतिकरण समितिसँग समन्वय गरी आ आफ्नो वडामा प्रतिस्थापित गर्नुपर्ने जीर्ण काठेपोलको संख्या एकिन गरी आगामी वैठकमा नगरप्रमुख समक्ष विवरण पेश गर्ने ।

निर्णय नं. १०

मसिना साना जलविद्युत आयोजनाले यस नगरपालिकाको वडा न २ कोत्रे खोलामा ८९१ किलोवाट क्षमताको विद्युत उत्पादन तथा प्रशारण गर्न पाउनको लागि नगरपालिकामा अनुमति माग गरेकोले सो आयोजनाले

प्रमुख

Scanned by CamScanner

स्थानीय वासिन्दा तथा भुगोलमा पार्ने प्रभावको सम्वन्धमा मुल्याकंन गरी प्रतिवेदन कार्यपालिका वैठकमा पेश गर्ने गरी पुर्वाधार विकास समितिलाई जिम्मा दिने ।

निर्णय नं ११ :

शुक्लागण्डकी नगरपालिकाको आर्थिक कार्यविधि ऐन,२०७४ को दफा १८ को उपदफा १ मा नगर कार्यपालिका र मातहतका कार्यालयहरुको आर्थिक कारोबारको आन्तरिक लेखापरिक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता र प्रभावकारीताका आधारमा तोकिएको मापददण्डभित्र रही नगरकार्यपालिकाको आन्तरिक लेखापरीक्षण हुनेछ भन्ने व्यवस्था रहेको साथै शुक्लागण्डकी नगरपालिकाको शिक्षा नियमावली २०७५ को नियम ८८ को उपनियम ३ मा विद्यालयको आयव्ययको लेखा नगरकार्यपालिकावाट खटाईएको कर्मचारीले जुनसुकै बखत जाँचबुझ गर्न सक्नेछ भन्ने व्यवस्था समेतका आधारमा सामुदायिक विद्यालयहरुको वित्तिय सुशासन कायम गर्न नगरपालिकां भित्रका सामुदायिक माध्यामिक विद्यालयहरुको आ.व. २०७५/७६ को अन्तिम लेखापरीक्षण गर्नु अगावै आन्तरिक लेखापरीक्षण गर्ने ।

निर्णय नं. १२ :

शुक्लागण्डकी नगरपालिकाभित्रका सामुदायिक तथा संस्थागत विद्यालयहरुले SEE परीक्षा उत्तीर्ण विद्यार्थीलाई चारित्रिक प्रमाणपत्र प्रदान गर्दा प्रचलित कानुनले तोकेकोभन्दा वढी शुल्क असुलउपर गरेको प्रमाणसहित निवेदन आएमा नियमानुसार भन्दा वढी रकम फिर्ता गर्ने र अब आईन्दा यस्तो क्रियाकलाप दोहोरिएमा नगर शिक्षा ऐन,२०७५ अनुसार कारवाही गर्ने ।

निर्णय नं. १३ :

चालु आर्थिक वर्ष ०७६/७७ का लागि लागत साझेदारी मोडेलमा देहायका समाधिस्थल निर्माणका निम्ती रकम विनीयोजन गर्ने :

| क्र.स | वडा न | समाधिस्थलको नाम | विनियोयोजित रकम(रुपैया) |
|---|---|---|---|
| १ | १ | चिहानडाडा समाधिस्थल | १००००० |
| २ | ६र७ | त्रिवेणीधाम दोभान | साझेदारी ५०/५०, ५००००० |
| ३ | ९ र १२ | शुक्ला गौरीशंकर शवदहन केन्द्र | साझेदारी ५०/५०, ५००००० |
| ४ | ४ | कसेरी चिहानडाडा | साझेदारी ५०/५०, २००००० |
| ५ | ८,१० र ११ | दोभान शवदहन स्थल | साझेदारी ५०/५०, २००००० |
| ६ | ५ | शुक्ला शवदहन स्थल | साझेदारी ५०/५०, ५००००० |
| | जम्मा | | २०००००० |

प्रमुख

Scanned by CamScanner

प्रमुख

निर्णय नं. १४ :

चालु आ.व ०७६/०७७ मा गुम्वा संरक्षणका लागि विनियोजित कुल रकम १०००००।– मध्येवाट देहायका गुम्वालाई गुम्वा संरक्षणको निम्ती रकम विनीयोजन गर्ने :

| क्र.स | वडा नं. | गुम्वाको नाम | विनियोजित रकम |
|---|---|---|---|
| १ | ५ | बेलचौतारा गुम्वा | २००००० |
| २ | २ | च्यवन गुम्वा | ५००००० |
| ३ | ८ | मुस्ताङ बस्ती गुम्वा | १००००० |
| ४ | ४ | मगर गुम्वा रङरोगन | १००००० |
| ५ | ४ | गुरुङ गुम्वा रङरोगन | १००००० |
| जम्मा | | | १०००००० |

निर्णय न. १५ :

घरकायम का लागि प्राप्त हुने निवेदनहरुमा दावी विरोधका लागि सँधियारको नाममा ७ दिने सुचना सम्वन्धित वडा कार्यालयमा सधियारको घर जग्गामा प्रकाशन गर्ने,उक्त ७ दिनभित्र पनि सधियार सम्पर्कमा नआएको खण्डमा उक्त सुचना कुनै एक राष्ट्रिय दैनिकमा ७ दिनकालागि प्रकाशन गर्ने,उक्त ७ दिनभित्र पनि सधियार सम्पर्कमा नआएमा उक्त घरमा सँधियारको कुनै दावी विरोध नरहेको मानी घर अभिलेखीकरण गर्ने साथै सो सुचना प्रकाशनको सम्पुर्ण जिम्मेवारी स्वयम् घरधनीको हुने ।

निर्णय नं. १६ :

शुक्लागण्डकी नगरपालिका संघ दर्ता तथा नवीकरण कार्यविधि,२०७६ बमोजिम दर्ता हुन आउने संस्थाहरुको संस्था दर्ता शुल्क रु १०००।– कायम गर्ने ।

निर्णय नं. १७ :

शुक्लागण्डकी नगरपालिकाको सार्वजनिक खरिद नियमावली २०७६ को नियम ३४ अनुसार नगरसभाको निर्णयवमोजिमको कार्यालयको लागि आवश्यक १ थान सवारी साधन तत्काल खरिद गर्न प्रकृया अघि वढाउन नगर कार्यपालिका कार्यालयलाई निर्देशन दिने ।

प्रमुख

प्रमाणित

प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner